# खप्तड छेडेदह गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० वार्षिक नीति तथा कार्यक्रम

- सुशासन तथा सँस्थागत विकास सम्बन्धि नीति ।
- पुर्वाधार विकास सम्बन्धी नीति ।
- बन,वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति ।
- सामाजिक विकास सम्बन्धी नीति ।
    - शिक्षा युवा तथा खेलकुद ।
    - महिला,वालवालिका, जेष्ठ नागरिक,दलित अपाङ्ग ।
    - लैंगिक समानता तथा सामाजिक समावेशिकरण ।
    - खानेपानि तथा सिँचाई निर्माण ।
    - सरसफाई तथा फोहोरमैला व्यवस्थापन
    - स्वास्थ्य ।
    - सस्कृति प्रवर्द्धन
    - बहुक्षेत्रीय पोषण
    - अन्य नीति
- आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम ।

प्रस्तुत नीति कार्यक्रम तथा बजेटका प्राथमिकताहरु

- सडक पुर्वाधार निर्माण तथा स्तरोन्नती ।
- पर्यटकीय गन्तव्यहरुको पहिचाहन तथा सम्भाव्यता अध्ययन गरि खप्तड, छेडेदह र बडालेक जस्ता प्रमुख पर्यटकिय क्षेत्रमा पर्यटकका लागि आवश्यक पुर्वाधारहरु निर्माणमा जोड ।
- विपद व्यवस्थापन तथा जलवायु परिर्वतनका असरलाई रोक्न वातावरण संरक्षण तथा ठुला पुर्वाधार निर्माण गर्दा अनिवार्य वाताबरणीय प्रभाव मुल्याँकन गर्नु पर्ने नीतिमा जोड ।
- दिगो विकासका लक्ष्य प्राप्तिको लागि संघ र प्रदेश सरकार सँग साझेदारीमा जोड ।
- साना तथा घरेलु उद्योगको सम्भाव्यता अध्ययन गरि रोजगारी सिर्जनामा जोड दिने ।
- दैनिक जिवन गुजारा गर्न नसक्ने गरीब परिवारका आधारभुत आवश्यकता परिपुर्तिमा जोड दिने ।
- दलित, गरीब, जेष्ठ नागरिक, एकल महिला, असहाय र अपाङ्गलाई सामाजिक समावेशीकरण मार्फत मुलधारमा समाहित गर्ने ।
- अन्तरपालिका सहित ठुला र स्रोत सम्पन्न महानगर, उपमहानगरपालिका संग समन्वय गरी गरिबि निवारण र रोजगारी सिर्जनाको क्षेत्रमा लगानि गर्न समन्वय गर्ने ।

- ❖ गरिव,असहाय तथा अशक्त मैत्रि कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ सुशासन तथा सेवा प्रवाहमा सुधार गरि एकल बिन्दु सेवा केन्द्र स्थापना सहितको सेवा प्रवाहमा जोड दिने ।
- ❖ शिक्षाको गुणस्तरलाई मध्यनजर गरि प्राविधिक र रोजगारमुलक शिक्षामा जोड दिने ।
- ❖ सिपमुलक र रोजगारी उन्मुख सिप विकास तालिमको सञ्चालनमा जोड दिने ।
- ❖ स्वास्थ्य सेवाको लागि आवश्यक उपकरण र दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापनमा जोड दिने ।

## सुशासन तथा सँस्थागत विकास सम्बन्धि नीति ।

- ❖ गाँउपालिकाको कार्यालय र वडा कार्यालय लगाएत सामुदायिक बिद्यालय, स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई प्रभावकारि बनाउन यसै बर्ष भित्र ईन्टरनेट पुरयाउने व्यवस्था गरिनेछ ।
- ❖ E Governance को अवधारणा लाई आत्मसात गरि हरेक वडामा कागज विहिन कामकाजलाई जोड दिई प्रविधि मैत्री बनाउने ।
- ❖ जनप्रतिनिधि हरुको क्षमता अभिबृद्धिका लागी आवश्यक व्यवस्था गरीने छ ।
- ❖ जनप्रतिनिधि र कर्मचारीलाई प्रविधि मैत्री बनाउने र अनिवार्य रुपमा कार्यालय काममा ईमेल प्रयोग गर्ने नीति लाई अगाडि बढाई कर्मचारिलाई कम्प्युटर तथा प्रविधिमा अब्बल बनाउन तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ मध्यकालिन खर्च संरचना तयार गरी यसै बर्ष देखि लागु गरिने छ ।
- ❖ गाउँपालिका तथा वडा कार्यालय बाट प्राप्त हुने सेवाको एकिकृत सुचि तयार गरि कार्यान्वयन गरिने छ ।
- ❖ पुराना अभिलेखको संरक्षणका लागि सुचना संकलन गर्ने, प्रकाशन गर्ने तथा अभिलेख राख्ने कार्यलाई व्यवस्थित गरिने छ ।
- ❖ कर्मचारी प्रशासनलाई थप जिम्मेवार ,जवाफदेही र उत्तरदायी बनाई सार्वजनिक सेवा प्रवाहलाई जनमैत्रि,चुस्त दुरुस्त र गुणस्तरीय बनाउनका लागि प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका अध्यक्ष संग र गाउँपालिकामा कार्यरत अन्य कर्मचारीले प्रमुख प्रशासकिय अधिकृत संग कार्यसम्पादन सम्झौता गरिने छ ।
- ❖ कर्मचारीलाई काम प्रति अभिप्रेरित गर्न र मनोवल उच्च राख्न बिषेश प्रोत्साहनका कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिकामा रहेका सात ओटै वडा कार्यालयको सेवा प्रवाहलाई चुस्त दुरुस्त, नागरिकमैत्रि बनाउन आवश्यक व्यवस्था गरिने छ साथै पञ्जिकरणको कामलाई यसै बर्ष देखि अनलाईन माध्यमबाट सञ्चालनको लागि आवश्यक व्यवस्था गरिने छ ।
- ❖ गाउँगाउँमा सिंहदरबार भन्ने संघियताको मर्म र भावनालाई आत्मसाथ गरि जनताले भेट्ने पहिलो सरकारलाई जनताको पक्षमा क्रियासिल हुन स्थानीय स्रोत साधनको साथै संघिय र प्रदेश सरकारबाट प्राप्त सहायताको समुचित उपयोगको सुनिश्चितता गरिने छ ।

❖ राजश्व संकलन तथा व्यवस्थापनलाई स्थानिय बिकासको आधारको रुपमा लिदै राजश्व संकलन कार्यलाई अनलाईन माध्यमबाट संकलन गर्ने व्यवस्था गरिने छ ।

❖ वडा केन्द्रमा रहेका वस्तिलाई शहरीकरण गर्ने तर्फ ध्यान दिई आर्थिक बिकास केन्द्रको रुपमा बिकास गदै लगिने छ ।

❖ गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन गाउँपालिका अन्तर्गतका बिषयगत शाखाहरु र प्रत्येक वडा कार्यालयहरुमा पारदर्शि कार्यप्रणाली नागरिक वडापत्र, सार्वजनिक सुनुवाई र गुनासो पेटिकाको व्यवस्था गरिने छ ।

❖ सार्वजनिक खरिद कार्यलाई व्यवस्थित बनाउन खरिद योजना बनाई खरिद कार्य गरिने छ ।

❖ बेरुजु फछर्यौटमा तदारुकता अपनाई शुन्य बेरुजु निति लाई अबलम्बन गरिनेछ ।

❖ ऐन ,कानुन , निर्देशिका, कार्यविधि दस्तावेजको अभिलेख राखि र राजपत्रमा प्रकाशन गनुपर्ने ऐन कानुन कार्यविधि हरु स्थानिय राजपत्रमा प्रकाशन यथासिघ्र रुपमा गरिनेछ ।

❖ वडा कार्यालयको सञ्चालन तथा भैपरि आउने खर्च लगायतको लागि आवश्यकता तथा औचित्यका आधारमा आवश्यक खर्च छुटयाइने छ ।

❖ अनुगमन समितिहरुलाई सक्रिय बनाई ५ लाख भन्दा माथिका योजना पालिकाबाट अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

❖ पालिका भित्र रहेका उद्योग, व्यवसाय लागायतको डाटाबेस तयार पारि एकिकृत करमा आवद्ध गरिनेछ ।

❖ सबै वडामा भएका उद्योगी, व्यापारीलाई सुचिकृत गर्दै गाउँपालिकामा दर्ता गराई अनिवार्य करको दायरा भित्र समावेश गराईने छ ।

पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम ।

❖ गाउँपालिकाको केन्द्र रहेको ठाउ र वडा कार्यालय सम्म जोड्ने सडकलाई बाहै महिना सञ्चालन हुने गरि पूर्वाधार बिकासको आवश्यक पहल गरिनेछ ।

❖ गाउँपालिका केन्द्रमा रहेको बजारलाई व्यवस्थित गरी एकिकृत गर्न आवश्यक जग्गाको व्यवस्थापन सहित पुर्वाधार निर्माण योग्य बनाउने काम पालिकाले गरी बजारलाई व्यवस्थित बनाईने छ ।

❖ सडक निर्माण तथा मर्मतको लागि आवश्यक रकम एकमुष्ठ विनियोजन गरिनेछ ।

❖ भु उपयोग नीति कार्यान्वयनमा जोड दिई पालिका भित्र निर्माण हुने घर तथा भवनहरुलाई अनिवार्य नक्सा पास तथा अभिलेखिकरणको व्यवस्था गरिने छ ।

❖ भौतिक पुर्वाधार तर्फका योजना पालिका स्तरिय भए ५ लाख र वडा स्तरिय भए १ लाख भन्दा साना योजना छनोट गरिने छैन ।

- ❖ वडा कार्यालयको भवन निर्माण हुन बाँकि वडामा कार्यालय भवन निर्माणको लागि यसै बर्ष देखि आवश्यक पहल गरिनेछ ।
- ❖ सम्पुर्ण पुँजिगत बजेटबाट एकमुष्ट १ प्रतिशत रकम कटाई ०.५ प्रतिशत विपद तथा महामारि रोकथाम कोष स्थापना गरि जम्मा गरिनेछ ।
- ❖ अतिआवश्यक र ठुला पुर्वाधार निर्माणको लागी सम्भाव्यता अध्ययन तथा निर्माण कार्यलाई पहिलो प्राथमिकतामा राखिने छ ।
- ❖ उपभोक्ता संगको लागत र सहभागिता बढाइनेछ र उपभोक्तालाई बढी जिम्मेवार जवाफदेहि बनाउन पहल गरिनेछ ।
- ❖ स्वास्थ्य र शिक्षा संग सम्बन्धित पुर्वाधार निर्माणमा लाई पहिलो प्राथमिकतामा राखिनेछ ।

वन वाताबरण, तथा विपद व्यवस्थापन सम्बन्धि नीति

- ❖ पालिका भित्र कार्यन्वयन हुने ठुला योजना कार्यान्वयन गर्दा अनिवार्य वातावरणीय प्रभाव मूल्याकन गरेर मात्रै संञ्चानल गर्ने गरि कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।
- ❖ विपद व्यवस्थापनको लागि आपतकालिन कार्य संञ्चालन केन्द्र स्थापनाका साथ केन्द संञ्चालन कार्यविधि तयार गरि जारि गरिनेछ ।
- ❖ छेडेदह ताल संरक्षणको लागी संघीय सरकार तथा प्रदेश सरकार सँग आवश्यक बजेट व्यवस्थापनको लागी पहल गरिने छ ।
- ❖ वाढी पहिरो तथा आपतकालिन विपदमा परेका नागरिकको लागी राहत सहयोग गरिने छ ।
- ❖ पलिकाभित्र रहेका ढुङ्गा खानि लाई व्यवस्थित गरिनेछ साथै जथाभावि रुपमा ढुङ्गा निकाल्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- ❖ वन संरक्षण नीतिलाई व्यवस्थित बनाई नाङ्गा डाँडामा वृक्षारोपणको व्यवस्था गरिनेछ ।
- ❖ खाद्य पदार्थ तथा तरकारी उत्पादन तथा तरकारी उत्पादनमा भईरहेको बिषादि प्रयोगलाई निरुत्साहित गरि अर्गानिक उत्पादनमा जोड दिईनेछ ।
- ❖ पलिका तथा वडामा कार्यालयको केन्द्रमा व्यवस्थित सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।
- ❖ पानीको भुमिगत स्रोतलाई जोगाउन र थोपा सिचाई लाई प्रोत्साहन गर्न एक टोल एक पोखरी निर्माण अभियान सञ्चालन गरिनेछ ।
- ❖ जोखिममा रहेका वस्तीहरु गुम्लागाउँ, गुईवन धनाल्त लिसाना तल्लो लिसाना, नाइना माडी खोला चिप्ले पडा आदी वस्तीको सुरक्षित स्थानान्तरणको लागि तत्काल आवश्यक पहल गरिने छ ।

## **सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम ।**

### **क) शिक्षा युवा तथा खेलकुद ।**

- “शिक्षाको  पुर्वाधार सम्बृद्धिको आधार” भन्ने नारालाई आत्मसात गरी रोजगार मुलक र प्राविधिक शिक्षामा जोड दिईनेछ ।
- विद्यालयहरुलाई सुचना प्रविधि मैत्रि बनाउन आधारभुत तह सञ्चालन भएका विद्यालयमा एउटा कम्प्युटर ल्याव र ईन्टरनेटको सुविधा विस्तार लाई निरन्तरता दिईने छ ।
- सामुदायिक विद्यालयका शिक्षकको आत्मबल बढाई बिधार्थी सिकाईमा सुधार गर्न सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रोत्साहनमुलक कार्यक्रम र स्वउत्प्रेरणा जगाउने कार्यकम सञ्चालन गरिनेछ ।
- गाँउपालिकाको आफ्नै स्रोतमा राखिएका स्वयमसेवक शिक्षकको क्षमता अभिबृद्धि गर्नको लागि आवश्यक तालिम र प्रोत्साहनका कार्यकम सञ्चालन गरिनेछ ।
- स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई आन्मसात गर्दै  सातओटै वडामा एउटा एउटा खेलकुद मैदान निर्माणको लागि आवश्यक व्यवस्था गरीनेछ ।
- युवाहरुको क्षमता अभिवृद्धि गर्नको लागी शसक्तिकरण र सिपमुलक कार्यक्रम संचालन गरीनेछ ।
- हाल सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्र मध्ये  नमुनाका रुपमा एउटा सुविधासम्पन्न सामादायिक सिकाई केन्द्र बनाईने छ ।
- यूवा रोजगारी लाई प्राथमिकता दिदै विभिन्न सँघ संस्था संग आवश्यक सहकार्य गरी सिपमूलक कार्यक्रम संचालनको लागि पहल गरीनेछ ।
- बैदेशिक अध्ययन तथा रोजगारी बाट प्राप्त हुने ज्ञान,सिप, प्रविधि, पुँजी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।
- परम्परागत पेशा र व्यवसायको जगेर्ना, प्रवर्द्धन र व्यवसायीकरणमा यूवा सहभागिता अभिवृद्धि गरीनेछ ।
- यूवा द्धारा संचालित उद्यम व्यवसाय तथा उद्योगको प्रवद्धन गर्न उद्यम तथा व्यवसायको विमा र कर्जा प्राप्तीको लागी पालिकाले सहजिकरण गर्ने व्यवस्था गरिनेछ ।
- बिद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गरीने छ ।
- प्रारम्भिक बाल शिक्षाको शैक्षिक गुणस्तर बृद्धिको लागी आवश्यक व्यवस्था गरिने छ ।
- गरीब विपन्न दलित बर्गका बालबालिकालाई उच्च शिक्षा आर्जनको लागि छात्र वृतिको व्यवस्था गरीने छ ।
- मेडिकल शिक्षा अध्ययन गर्नको लागी नाम निकाल्ले न्युन आयस्रोत भएका बिद्यार्थिलाई निश्चित रकम छात्रवृति स्वरुप उपलब्ध गराईने छ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षाको मुलधारमा ल्याउन भर्ना अभियान सञ्चालन गरि ६ देखि ११ बर्ष उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिकालाई भर्ना गराउन ल्याउने अविभावकलाई

सम्मान गर्नुका साथै त्यस्ता बालबालिकालाई ड्रेस र आवश्यक स्टेशनरी सामाग्री एक बर्षको लागि निशूल्क वितरण गरिनेछ ।

- ❖ शिक्षा पाउनु छोरीको अधिकार बालविबाह न्युनिकरण गर्ने मुख्य आधार भन्ने नारा तय गरि आधारभुत तह देखि माध्यमिक शिक्षा अध्ययन गर्ने १६-२० बर्ष उमेरका किशोरीलाई लक्षित गरि २० बर्ष उमेर पुगि विबाह गर्ने शर्तमा प्रतिबर्ष रु १००००। खातामा जम्मा गरिदिने र सो रकम २० बर्ष उमेर पुरा गरेर विबाह गरेपछि मात्रै पाउने गरि कार्यविधि बनाई निरन्तरताको लागी आवश्यक स्रोत व्यवस्थापन सहित यसका लागि आवश्यक तथ्याकं संकलन गर्ने जिम्मेवारी सम्बन्धित वडा लाई दिईनेछ ।
- ❖ उच्च शिक्षा हासिल गर्न टाढा जानुपर्ने बाध्यतालाई अन्त्य गर्न यसै बर्ष देखि डोगडीमा क्याम्पस सञ्चालनको लागि सम्बन्धन लिई पठनपाठन सुचारुको लागि पहल गरिनेछ ।
- ❖ विद्यालयलाई सुचना प्रविधिमा आवद्ध गरि अन्तर विद्यालय सुचना प्रविधिको बिकासमा जोड दिईनेछ ।
- ❖ पालिका भित्रका सम्पुर्ण बिद्यालयमा इन्टरनेट सेवा यसै वर्ष भित्र पुर्‍याइने छ ।
- ❖ रोजगारमुलक र प्राविधिक शिक्षामा जोड दिई यो बर्ष कम्तीमा १ वटा र आगामि बर्ष थप तिन वटा प्राविधिक बिषय पढाइ हुने विद्यालय थप गर्नका लागी आवश्यक पुर्वाधार र सम्बन्धित निकायबाट सम्बन्धन प्राप्त गर्नको लागी पहल गरिनेछ ।
- ❖ सामुदायिक र संस्थागत विद्यालयको भिन्नता लाइ न्युनिकरण गर्न गाँउपालिका भित्र रहेका माध्यामिक विद्यालयहरुका कक्षा ९ र १० का बिधार्थि र शिक्षकलाई संस्थागत बिद्यालयको भ्रमण गराई संस्थागत विद्यालयको शिक्षण सिकाई विधि अबलम्बन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ माध्यामिक तहमा पालिका क्षेत्रमा SEE मा उत्कृष्ठ नतिजा ल्याउने एउटा बिद्यालय लाई प्रोत्साहनका लागि एकमुष्ठ पचास हजार प्रदान गरिनेछ ।
- ❖ अविभावकको अँग्रेजि मोह लाई मध्यनजर गरि यो बर्ष प्रत्येक वडामा एक वटा बिद्यालयलाई नमुनाको रुपमा छनोट गरी अँग्रेजि माध्यम बाट पढाई हुने व्यवस्था गरिनेछ ।
- ❖ "खेलकुदको विकाश स्वस्थ्य मष्तिकको लागि" भन्ने नारा तय गरि पालिका स्तरिय आधारभुत र माध्यामिक बिद्यालयलाई समाबेश गरी अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना गरि बिभिन्न खेल समावेश गरिनेछ ।
- ❖ युवा उद्यम व्यवसाय गर्न चाहाने युवाहरुलाई सस्तो र सुलभ दरमा कर्जा पाउने व्यवस्था गर्नको लागि बैक संग सहकार्य गरी सरल र सहज कर्जा प्राप्तीको लागी पालिकाले पहल गरिदिने छ ।
- ❖ एक वडा एक नमुना आधारभुत बिद्यालयको व्यवस्था गरिने छ ।

**<u>ख) महिला बालबालिका जेष्ठ नागरिक तथा अपांग सम्बन्धी नीति ।</u>**

- ❖ महिला, बालवालिका, दलित, अपाङ्ग,जेष्ठ नागरिक यूवा तथा अन्य लक्षित वर्गलाई लक्षित कार्यक्रम मार्फत सशक्तिकरण गरिनेछ ।

- ❖ उपाध्यक्ष सुत्केरी कोसेली कार्यक्रमका लागी आवश्यक रकम विनियोजन गरीने छ ।
- ❖ महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत शसक्तिकरणका कार्यक्रम सञ्चालन गरीने छ ।
- ❖ लैङगिक उत्तरदायि बजेट प्रणालीलाई  संस्थागत गर्दै लैङगिक बजेट विनियोजन अनुपात बृदि गरिनेछ ।
- ❖ ७० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकको स्वास्थ्य बिमा गाउँपलिकाले गर्ने व्यवस्था गरिनेछ ।
- ❖ समुदायलाई लैङगिक हिंसा मुक्त, छुवाछूत मुक्त, जातिय भेदभाव मुक्त अन्धविश्वास र कुप्रथा मुक्त वनाउनको लागी शसक्तिकरणका  कार्यक्रम सञ्चालन गरिनेछन ।
- ❖ महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण, र भेदभावका लागि निरोधात्मक,संरक्षणात्मक उपाय द्धारा न्यायमा पहुँच अभिवृद्धि गर्ने
- ❖ न्यायिक समतिलाई सक्रिय बनाई न्यायिक समिति मातहतका मेलमिलापकर्ताको क्षमता अभिबृद्धि को लागी आवश्यक वजेट विनियोजन गरिने छ ।
- ❖ न्यायिक समिति मार्फत दर्ता भई किनारा लाग्न नसकेका र अदालतमा पेश गर्नु पर्ने मुद्धाहरु अदालतमा दर्ता गर्नको लागी सहजिकरण गर्ने कार्य न्यायिक समिति मार्फत गरीने छ ।
- ❖ हिंसा पिडित तथा प्रभावितका लागि राहत उद्धार गरी निशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमूलक कार्यक्रमका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ गरिब,विपन्न, दलित, एकल महिला तथा अपाङ्गता भएका महिला तथा किशोरीको आयआर्जन क्षमता विकास र शसक्तिकरण गर्ने गरी सिपमुलक कार्यक्रम संञ्चालन गरीनेछ ।
- ❖ महिलालाई व्यवसाय संञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी तथा उद्यमशिलता विकास गर्न वित्तिय स्रोत व्यवस्था मिलाईनेछ ।
- ❖ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम संञ्चालन गरिनेछ ।

**ग) खानेपानि सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति ।**

- ❖ पालिका भित्रका चोक तथा सार्वजनिक स्थलमा शौचालय निर्माण गरिनेछ । शौचालयहरुको सञ्चालन तथा व्यवस्थापनको जिम्मा सरसफाई समितिलाई दिईनेछ ।
- ❖ “स्वच्छ पिउने पानी रोगमुक्त जिन्दगानी” भन्ने नारालाई आत्मसात गरि स्वच्छ पिउने पानि उपलब्ध गराउन खानेपानि तथा सरसफाई समिति, सरकारी तथा गैर सरकारी निकाय संग सहकार्य गरि स्वच्छ खानेपानि टोल टोल मा पुर्‍याउन  एक घर एक धारा निर्माणका लागी पहल गरिनेछ ।
- ❖ दलित तथा कमजोर परिवारलाई लक्षित गरि एक घर एक चर्पि सुनिश्चिता कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ बढ्दो सहरीकरणलाई मध्यनजर गरि घर तथा बजार बाट उत्सर्जित हुने फोहोरको व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिने छ ।

- शहरी सौन्दर्यलाई मध्यनजर गरि गाउँपालिकामा फोहोर व्यवस्थापन गर्न डम्पींग साइडको निर्माणको लागी अध्ययन यसै बर्ष थालनि गरिने छ ।
- टोल बिकास संस्था गठन गरि सञ्चालन गर्नको लागि आवश्यक कार्यबिधि बनाई कार्यान्वयन गरिनेछ ।
- पुर्ण सरसफाईका क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि आवश्यक चेतनामुलक क्रियाकलाप सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थलमा गरिने कार्यक्रमबाट उर्त्सजन हुने फोहरमैलालाई व्यवस्थापन गर्न आयोजकलाई जिम्मेवार तथा  जवाफदेही बनाईनेछ ।

**<u>घ) स्वास्थ्य सम्बन्धी नीति ।</u>**

- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनस्थापना लगाएतका आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच सुनिश्चित गर्ने ।
- पालिकाभित्र रहेका आटिचौर र काँडा स्वास्थ्य चौकीमा ल्याव सेवा यसै बर्ष देखि विस्तार गरि आगामी वर्ष देखि क्रमश सबै स्वास्थ्य चौकीहरुमा ल्याव सेवा विस्तार गरिनेछ ।
- नेपाल सरकारले निशुल्क बितरण गर्ने औषधिका अतिरिक्त औषधि पालिकाले निशुल्क बितरण गर्ने गरि आवश्यक व्यवस्था गरिनेछ ।
- बर्षमा दूई पटक आँखा शिविर सञ्चालनको लागि आवश्यक पहल  गरिने छ ।
- भौगलिक बिकटतालाई मध्यनजर गरी आवश्यक स्थानमा सब बर्थिङ सेन्टरको स्थापना गर्ने
- डोगडी स्वास्थ्य चोकिमा कोल्डचेन स्थापना गर्ने ।
- समुदाय स्तरमा रहेका क्षयरोगीको पहिचान गरि  स्वास्थ्य संस्थाको पहुँचमा ल्याई क्षयरोगको निदान गर्ने ।
- गेटा आँखा अस्पतालसँगको साझेदारीमा  आँखा अस्पताल सञ्चालनको लागी समन्वय गर्ने ।
- X-Ray Machine को साथै सेवा सञ्चालनका लागी आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ ।
- ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको  पहुँच विस्तार गर्न र गुणस्तरीय स्वास्थ्य सेवालाई विस्तार गर्न जिल्ला अस्पताल र प्रादेशिक अस्पताल संग सहकार्य गरी टेलिमेडीसिन सेवाको प्रारम्भ गर्न डोगडी स्वास्थ चौकी, काँडा स्वास्थ्य चौकी र आटिचौर स्वास्थ्य चौकीमा आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
- औषधि खरिद कार्यलाई व्यवस्थीत गर्ने र निशुल्क प्राप्त हुने औषधि वितरणमा प्रभावकारीता ल्याउन पालिकाले खरीद गर्ने र प्राप्त हुने सम्पूर्ण औषधिजन्य सामाग्रिमा निशुल्क प्राप्त हुने औषधि भनेर छाप लगाई वितरण गरिनेछ ।
- घरमा सुत्केरी संख्या सुन्य (No More Home Delivery)  अभियान सञ्चालन गर्ने ।
- चिकित्सक, स्वास्थ्यकर्मी र विरामी विचको असल र सुमधुर सम्बन्ध कायम गर्दै सदभावपूर्ण  व्यवहार सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम संञ्चालन गरिनेछ ।

- ❖ प्रत्येक वडामा उतकृष्ट महिला स्वास्थ्य स्वंयमसेविका लाई बार्षिक पुरस्कारको व्यवस्था गरिनेछ ।
- ❖ प्रत्येक वडामा घुम्ती स्वास्थ्य सेवा सञ्चालनको लागी बिशेषज्ञ चिकित्सक टोलिको व्यवस्थापन गरिने छ ।
- ❖ मातृ तथा नवजात शिशु सम्बन्धि पलिका स्तरीय कार्यक्रम सञ्चालन गरिनुका साथै रिक्त नर्सिङ शाखा प्रमुखको पद पुर्तिका लागी पहल गरिने छ ।
- ❖ प्रत्येक वडामा रहेका  आधारभूत  स्वास्थ्य केन्द्रमा रहेका कर्मचारीलाई आधारभुत तालिमको व्यवस्था गरिनेछ ।
- ❖ अति अशक्त, र र आर्थिक रुपले विपन्न वर्गलाई मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर र कलेजो रोगको उपचारका  लागी एकमुष्ट २५ हजार आर्थिक सहायता प्रदान गरीनेछ ।
- ❖ स्वस्थ्य रही खुसीसाथ बाँच्नको लागी योग तथा तथा ध्यान केन्द्रहरुको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- ❖ डोगडी स्वास्थ्य चौकिमा बिशेषज्ञ सहितको चिकित्सक स्वास्थ्य सेवा यसै बर्ष देखि सञ्चालन गरिनेछ ।
- ❖  स्तन क्यान्सर र प्रजनन स्वास्थ्य सम्बन्धि  रोगको निशुल्क परिक्षण गर्ने व्यवस्था गरिनेछ ।
- ❖ बिरामीलाई यातायातको समस्याको कारणले समयमै स्वास्थ संस्थामा पुर्‍याउन नसकिने र अकालमा ज्यान जाने समस्या लाई मध्यनजर गरी बिरामी ओसार पोसारको लागी प्रयोग हुने गरी एम्बुलेन्स खरीद गरिनेछ ।
- ❖ एम्बुलेन्स सञ्चालनको लागी आवश्यक कार्यबिधि बनाई लागु गरिनेछ ।
- ❖ जनस्वास्थ्य संग प्रत्यक्ष्य सरोकार राख्ने खानेपानी, वातावारणीय सरसफाई वायु तथा ध्वनी प्रदूषण, खाद्य सुरक्षा जस्ता विषयमा वहुक्षेत्रिय समन्वयलाई सुदृढीकरण गर्दै सम्वन्धित सरोकारवालासंग समन्वय गरी स्वस्थ जीवनको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- ❖ निर्माणाधिन सरुवा रोग अस्पताल निर्माण कार्य सकिएपछि सघन उपचार सहितको विशेष सेवा विस्तार गर्न पालिका गौरवको आयोजनामा राखि काम सञ्चालन गरिने छ ।
- ❖ जडिबुटीको चिकित्सा पद्धती लाई मध्यनजर गरी आर्युर्वेद र होमियोप्याथि चिकित्सा प्रणालिको संरक्षण बिकास एव बिस्तारका लागि दिर्घकालिन योजना निर्माण गरिनेछ ।
- ❖ हरेक स्वास्थ्य संस्थामा वितरण हुने अत्यावश्यक औषधिको प्रकार तथा संख्यामा क्रमस बृद्धि गर्दै जाने र औषधि वितरण भए नभएको नियमित अनुगमन गरिनेछ ।
- ❖ नेपाल रेडक्रस लगाएतका सरोकारवाला सँस्था संग सहकार्य गरि पालिका भित्र एक रक्तसञ्चार केन्द्र स्थापनाको लागि यसै बर्ष देखि काम थालनी गरिनेछ ।
- ❖ विद्यालयमा बिद्यार्थी स्वास्थ्य कार्यक्रमलाई मध्यनजर गरी एक बिद्यालय एक नर्स कार्यक्रम परिक्षणको रुपमा तिन ओटा बिद्यालय मष्टेश्वरी मा.बि, दशरथ मा.बि  र काँडा भवानी मा.बि मा परिक्षणको रुपमा यसै बर्ष देखि लागु गरिनेछ ।

**ङ) सँस्कृति प्रवर्द्धन सम्बन्धी नीति**

- ❖ परम्परागत मुल्यमान्याता र संस्कृतिको संरक्षण र प्रवर्द्धनको लागी मठमन्दिर हरुको जिर्णोधार गर्ने गरी आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- ❖ मौलिक सँस्कृतिको जर्गेना र प्रवर्द्धन हुने गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ साझा पहिचान स्थापति हुने पोषाक र बाजागाजाको संरक्षणको लागी पहल गरिनेछ ।
- ❖ मौलिक भाषा तथा सँस्कृतिको प्रयोग हुने गरी स्थानिय पाठयक्रममा समेटिनेछ ।

## <u>आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम ।</u>

### <u>क) राजश्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम ।</u>

- ❖ "राजश्वमा बृद्धि खप्तड छेडेदहको सम्बृद्धि" भन्ने नारा तय गरि कर तथा राजश्वको दर भन्दा दायरालाई फराकिलो बनाउने नीति लिईनेछ । पालिका क्षेत्र भित्र उत्खनन हुने ढुगा गिट्टीमा तोकिएबमोजिम भौतिक पुर्वाधार शुल्क लगाउने व्यवस्था गरिनेछ ।

- ❖ पलिका भित्र दर्ता भई सञ्चालनमा रहेका सवारि साधनलाई बार्षिक रुपमा एकमुष्ट सडक सुधार तथा मर्मत कर लगाईनेछ ।
- ❖ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको विक्री तथा उपभोग सम्बन्धि बार्षिक कार्ययोजना बनाई पालिकामा पेश गर्नुपर्नेछ । वन पैदावरको बिक्रिमा निश्चित दरमा कर लगाईनेछ ।
- ❖ छेडेदह क्षेत्रलाई पिकनिक स्पोट क्षेत्रको रुपमा विकास गरि निश्चित दरमा प्रवेश शुल्क तोकिनेछ ।
- ❖ पलिका भित्र रहेका होटेल,रेष्टुरा लगायतका व्यवसायलाई एक मुष्ट निश्चित दर तोकि व्यवसाय कर लगाईनेछ ।
- ❖ पलिका भित्र रहेका बैक तथा वित्तिय संस्थालाई निश्चित दर तोकि नियमानुसार सञ्चालन शुल्क लगाईनेछ ।
- ❖ पलिका क्षेत्र भित्र घर निर्माण गर्नु पुर्व नियमानुसार अनिवार्य नक्सा पास गर्ने व्यवस्था गर्नको लागी आवश्यक अध्ययन यसै बर्ष बाट गरिनेछ ।

### <u>ख ) कृषि तथा पशुपालन ।</u>

- ❖ समुहमा आवद्ध भइ कृषि व्यवसाय गर्न चाहने कृषक समुहलाई प्रोत्साहन गर्न एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ कृषि उत्पादनको विशिष्टिकरण तथा विविधिकरणको लागि वस्तुहरुको उत्पादन सम्भाव्यता, अनुकुलता तथा हाल भईरहेको कृर्षिजन्य उत्पादनलाई समेत ध्यानमा राखि यस अघि घोषणा गरिएका कृषि पकेट क्षेत्रलाई निरन्तरता दिईनेछ ।
- ❖ कृषि वीमा कार्यक्रमलाई लागु गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

- तरकारी दुध र मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन पशुपालन व्यवसाय गर्ने कृषकलाई प्रोत्साहन हुने गरी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरीनेछ ।
- कृषि उद्यम तथा व्यवसाय गर्नेलाई कृषिजन्य सामाग्रीको खरिदमा सहुलियत सुविधा प्रदान गरिनेछ ।
- कृत्रिम गर्भाधानको कार्यक्रम सञ्चालन र पशु नस्ल सुधार गरी पशुजन्य उत्पादन वृद्धि गर्न आवश्यक व्यवस्था गरीनेछ ।
- खेती योग्य जग्गालाई बाझो राख्ने प्रबृती निरुत्साहित गर्दै बाँझो रहेका कृषि भुमीमा सामुहिक खेति गर्ने किसान लाई मल बिउँ निशुल्क अनुदानको रुपमा बितरण गरिनेछ ।
- माछाजन्य उत्पादनलाई प्रोत्साहन गर्न निशुल्क माछाका भुरा बितरण सहित प्रत्येक वडामा एक पोखरी निर्माण गरी माछा उत्पादन थालनी गरीनेछ ।
- दलहन तथा तेलहन बाली पकेट क्षेत्र स्थापना तथा उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।
- कृषकको माग अनुसार मौरी पालन र च्याउ खेती कार्यक्रमको लागी सामाग्रि बितरण तथा प्राबिधिक सहयोग कृषि शाखाले गर्ने व्यस्था गरीने छ ।
- आलु विउ उत्पादन गर्ने कृषक तथा कृषक समुहलाई अनुदानको व्यवस्था गर्ने ।
- लोप हुन लागेका बालीहरु,कागुनो,मार्से,कोदो र जौ जस्ता रैथाने बालीहरुको बिउ बितरण तथा स्थानीय समुदायको अग्रससरतालाई पोत्साहन प्रदान गर्नुका साथै उनीहरुलाई क्षमता अभिबृद्धिमा जोड दिने ।
- तरकारी खेती , मौरीपालन तथा च्याउ खेतीमा युवाहरुलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत अनुदानको कार्यक्रम सञ्चालन गर्ने ।
- प्रत्येक वडामा कम्तीमा यहाँको माटो सुहाउदो फलफुल नर्सरी तथा बगैचा निर्माण कार्यक्रम सञ्चालन गर्ने ।
- बेसार ,अदुवा, जडीबुटी लगायत क्षेत्रको बिकास र बिस्तार तथा प्रशोधन उद्योग स्थापना गर्नको लागि सम्भाव्यता अध्ययन गरीनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम लाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- गाउँपालिकाका कृषकहरुलाई कृषि मेला प्रर्दशनी गराई उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गर्ने ।
- धान, मकै, गहुँको मुल बिउ उत्पादनको पकेट क्षेत्र स्थापना कार्यक्रम सञ्चालन गर्ने ।
- कृषकको माग अनुसार सम्भाबित वडाहरुमा एक बर्षमा उत्पादन हुने स्याउ ,पुलम र ओखरको बिरुवा अनुदान बितरण कार्यक्रम सञ्चालन गर्ने ।
- व्यावसायिक फलफुल खेती कागती ,सुन्तला, किबी आदि बिरुवा बितरण कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि शाखाबाट बितरण हुने बिउँ बितरणमा सामुहिक कृषि गर्ने किसानलाई प्राथमिकता दिईनेछ ।

## पर्यटन तथा संस्कृति प्रवर्द्धन सम्बन्धी नीति

- “खप्तड वडालेक क्षेत्रको पर्यटन बिकास खप्तड छेडेदहको सम्वृद्धिको आधार” भन्ने नारा तयार गरि बल्दे-लसक्या सडक र डाप-सिङ्गडा सडकलाई बाहै महिना सञ्चालन हुने गरि स्तरोन्नती गरिनेछ ।
- खप्तड क्षेत्र अवलोकन गर्न आउने पर्यटकको लागि ट्रेकिङ गाईडको व्यवस्था गरिनेछ र यसका लागि पालिकाले निश्चित शुल्क समेत तोक्न सक्नेछ ।
- सिङ्गडा देखि खप्तड सम्म जानको लागि पर्यटन पदमार्ग निर्माणको थालनि यसै बर्ष गरीनेछ ।
- सुर्का,डोगडी,छेडेदह र सिङ्गडामा होमस्टे सञ्चालन गर्नको लागि आवश्यक पुर्वाधार निर्माणको थालनी यसै बर्ष गरीनेछ ।
- नेपालको प्राचिन सभ्यतासंग जोडिएका शान्ती तथा आध्यात्मीकता ज्ञान दर्शन, धार्मिक तथा पूरातात्विक महत्वका सम्पदाको पहिचान विकास गरीनेछ ।
- पर्यटन क्षेत्रमा रणनीतिक हिसावले लाभ अभिवृद्धि गर्न अध्ययन अनुसन्धान अन्वेषण तथा तथ्याङ्क व्यवस्थापन गरिनेछ ।
- समुदायमा आधारीत ग्रामिण एवम् होमेस्टे पर्यटनको विस्तार गरी यस क्षेत्रवाट प्राप्त लाभलाई जनस्तरसम्म पुर्‍याइनेछ ।
- स्थानीय विशेषता सहितको पर्यटकीय गन्तव्यको विकास र होमस्टेको व्यवस्था गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

उद्योग, वाणिज्य, सहकारी तथा वित्तिय क्षेत्र सम्बन्धी नीति ।

- सार्वजननिक, नीजि र सहकारी बिच साझेदारी गर्ने पन्ध्रौ योजनाको रणनिती अनुरुप यस पालिकामा साना उद्योग स्थापना गरी पाँच जना भन्दा बढी रोजगारी सृजना गर्ने उद्योगलाई एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ ।
- पालिकाभित्र रहेका सम्पुर्ण प्रकारका सहकारि हरुको तथ्यांक संकलन गरि थप व्यवस्थीत बनाउदै लगिनेछ ।
- र सहकारिलाई अनुदान पाउने माध्यम नभई समृद्धिको वाहक बनाउन आवश्यक सहयोग गरिनेछ ।
- गुणस्तरिय खाद्य पर्दाथको सुनिश्चितताको लागि बजार अनुगमनलाई तिव्रता दिई प्रभावकारि बनाईनेछ साथै म्याद गुज्रेका र अखाद्य पदार्थको कारोबारो गर्नेलाई कानुन बमोजिम कारवाहि गरिनेछ ।
- यस क्षेत्रमा उत्पादन हुने कृषिजन्य सामाग्रिको संकलन तथा बजार सम्म लैजान सहयोग गर्ने सहकारी लाई अनुदानको व्यवस्था गरिनेछ ।
- औद्येगिक ग्राम स्थापनाको लागि प्रारम्भिक चरणको अध्ययन यसै बर्ष गरिनेछ ।
- पालिकाका सबै वडा बाट वित्तिय सेवा उपल्बध गराउनको लागि वित्तिय सेवालाई विस्तार गर्न आवश्यक पहल तथा सहयोग गरिनेछ ।

❖ सहकारी क्षेत्रलाई सक्रिय बनाई  यहाँ उत्पादित कृर्षिजन्य उत्पादनलाई वजार सम्म लैजाने व्यवस्था गर्ने गरि आवश्यक व्यवस्था गर्न निर्देशन दिईनेछ ।

## उर्जा

❖ गाउँपालिका क्षेत्र भित्र रहेको उर्जा समस्यालाई मध्यनजर गरी आ.व ०७९।८० भित्र पालिका भित्रका सबै वडामा राष्टिय प्रशारण ग्रिड जडानका लागि सहकार्य गर्नुका साथै नेपाल बिद्युत प्राधिकरण संग अनुरोध गरीनेछ ।

❖ सहकारीको माध्यमबाट राष्ट्रिय प्रशारण लाईनको बिद्युत महशुल भुक्तानी गर्ने गरी नेपाल बिद्युत प्राधिकरण संग सहकार्य गरी बिद्युत बिस्तार गरीनेछ ।

❖ गाउँपालिका भित्र रहेका लघु जलबिद्युत हरुको मर्मत सम्भार र व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

## सञ्चार

❖ निष्पक्ष र तथ्यपरक रुपमा सुचना पाउने आम नागरिकको अधिकार तथा सुचनाको हकलाई प्रभावकारी कार्यान्वयन गर्न नागरिकले चाहेका र आवश्यक सुचना कार्यालयको गोपनियता भंग नहुने गरी मागेको बखत पाउन सकिने व्यवस्था गरिनेछ ।

❖ डोगडीमा निर्माण भएको नयाँ नेपाल टेलिकमको टावर यथासिघ्र सञ्चालन गर्न नेपाल टेलिकलाई आग्रह गरी तत्काल सुचारु गरीनेछ ।

❖ सञ्चार नेटवर्क राम्रो संग नटिप्ने पालिका क्षेत्र भित्र नेटवर्कको स्तर बृद्धि गर्न आवश्यक कार्य आरम्भ गर्न नेपाल टेलिकम संग सहकार्य गरिने छ ।

## तथ्याङ्क अभिलेख व्यवस्थापन

❖ जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक,भौतिक पुर्वाधार,भौगोलिक बनावट रोजगारीको अवस्था आय ब्ययको लगाएत विविध पक्षको तथ्यांक संकलन गरी  तयार पारिएको पार्श्वचित्र, श्रोत नक्सा लाई अध्यावधिक गरीनेछ ।

❖ नविनतम प्रबिधियुक्त सुचना तथा अभिलेख केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्र हालसम्म सम्पन्न भएका योजनाको विवरण र त्यस्ता योजनाको तथ्यांक अभिलेखिकरण गरी पुस्तकको रुपमा प्रकाशन गरिनेछ ।

❖ गाउँपालिका भित्र रहेका स्थिर र जिन्सी सम्पतिको मुल्याकन गरी एकीकृत तथ्यांक राख्ने कार्य गरीनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्वीक महत्वका सम्पदाहरुको अभिलेखिकरण गरी पर्यटकिय क्षेत्रको रुपमा बिकास गर्न आवश्यक व्यवस्था गरिने छ ।

## सहकारी

❖ सहकारी सम्बन्धि स्थानीय नीति तथा कानुन निर्माण गरी बिषयक्षेत्रगत मापदण्डको निर्धारण तथा कार्यान्वयन गरीनेछ ।

❖ स्थानीय स्तरमा दर्ता भएका सहकारीको कार्यसम्पादनको आधारमा अनुमति,नविकरण,खारेजी र विघटन सम्बन्धि कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरीने छ ।

- ❖ पालिका क्षेत्र भित्र रहेका सहकारीहरुलाई सहकारीको सिद्धान्तको आधारमा काम गरे नगरेको अनुगमन गरी नियमन गरिनेछ ।
- ❖ सहकारीलाई उत्पादनमुलक कार्यमा लाग्न उत्पेरीत गर्नुका साथै व्यवसायिक कृषक र उद्यमी उत्पादन गर्ने संस्थाको रुपमा बिकास गरीनेछ ।

## बहुक्षेत्रीय पोषण सम्बन्धी योजना  नीति तथा कार्यक्रम

- ➢ वहुक्षेत्रयि पोषण योजनाले निदृष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागी विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्वेदनशिल क्रियाकलापहरुलाई संचालन गरिने छ । महिला वालवालिका लक्षित कार्यक्रम जस्तै वाल पोषण अनुदान,खोप कार्यक्रम, वालमैत्री स्थानिय शासन आदिमा समेत वहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै पुर्ण पोषणमैत्री वडा हुदै गाउँपालिकालाई नै पुर्ण पोषणमैत्री स्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने नीति लिएको छ । सो निति कार्यान्वयनका लागी आ.व.को २०७९।०८० को लागी नेपाल सरकार वाट प्राप्त वजेट र यस गाउँपालिकाको थप वजेट समेतलाई क्षेत्र गत विनियोजन गरि पोषण सुधारको लागी तोकिएको क्रियाकलापमा खर्च गरिने छ। पोषण विशेष  सम्वेदनशिल कार्यक्रमहरुको विस्तार गर्ने, महिला किशोरी तथा वालवालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजीको विकास गरिने नीति लिइएको छ ।
- ➢ खप्तड छेडेदह गाउँपालिकालाई पुर्ण पोषणमैत्री स्थानिय शासनयुक्त पालिकाको रुपमा स्थापित गराईने छ । सोको पुर्ण सुनिश्चिततताका लागी आवश्यक नीति तथा कार्यक्रमहरु अवलम्वन गरिने छन् ।
- ➢ सुनौला हजार दिनका आमाहरु र शिशुलाई पोषणका लागी आवश्यक व्यवस्था मिलाईने छ वहुक्षेत्रीय पोषण योजना लाई एक्द्वार प्रणालीमा ल्याईने छ ।
- ➢ पोषण विशेष,पोषण संवेदनशिल र पोषण समर्थ वनाउने वातावरण सम्वन्धि कार्यक्रमहरुको विस्तार गरी महिला सहकारी तथा वालवालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजीको विकास गर्ने नीति अवलम्वन गरिने छ ।
- ➢ नेपाल सरकारले अवलम्वन गरेको वहुक्षेत्रीय पोषण योजनाले इकिंत गरेका कार्यक्रहरुलाई निरन्तरता दिईने छ ।
- ➢ पुर्ण संस्थागत सुत्केरी युक्त वडा घोषणा कार्यक्रम लागु गर्ने पहल गरिनुका साथै पालिकालाई पोषण मैत्री पालिका वनाउन पहल गरिने छ ।
- ➢ पोषण सुधारका लागी एक घर एक करेशावारी ,वाह्रै महिना हरियो तरकारी कार्यक्रम लागू गर्न पहल गरिने छ ।
- ➢ कुपोषण न्युनिकरणका लागी ५ वर्ष मुनीका वालवालिकाको पोषण लेखाजोखा गरि पत्ता लागेका कुपोषित वालवालिकाको उद्धार र व्यवस्थापन गर्ने निति लिईने छ ।

**अन्य नीति**

- ➢ गरिवी निवारणको लागि लद्यु उद्यम बिकास कार्यक्रमलाई लद्यु उद्यमका माध्यमबाट गरिवी निवारण गरी दिगो रोजगारी सिर्जना गर्न एकिकृत पालिका स्तरीय सीप बिकास तालिम सञ्चालन गरिनेछ ।
- ➢ लद्यु उद्यमीको सिर्जना, स्तरोन्नतीको कामलाई प्रभावकारी बनाउनुका साथै अनुगमन मुल्यांकन कार्यलाई निरन्तरता दिइनेछ ।
- ➢ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई लागत साझेदारीको मोडेलमा सञ्चालन गरीनुका साथै पालिका भित्र कार्यान्वयन हुने सम्पुर्ण योजनाहरुमा आवश्यक जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत कामदार बाट आपुर्ति गर्ने व्यवस्था गरीनेछ ।
- ➢ बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी तरिकाले सञ्चालन गरीनेछ, कुपोषण ग्रस्त बालबालिकाको तथ्यांक संकलन तथा आवश्यक उपचारको व्यवस्था गर्ने गरी काम थालनी गरिनेछ ।

- व्यक्तिगत घटना तथा पञ्जिकरणका सम्पुर्ण घटना दर्ताका कामकाज अनलाईन माध्यमबाट यसै बर्ष बाट सुरुवात गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाउन प्रत्येक वडा कार्यालयबाट बितरण गर्ने गरी बैंक संग सहकार्य गरी बृद्ध, अशक्त, अपाङ्गले पाउने सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा बाट बितरण गर्ने व्यवस्था यसै बर्ष देखि गरिनेछ ।